## मिति २०७८/०३/०८ गतेको ११५ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १.** (क) नदिजन्य पदार्थको उत्खनन तथा बिक्रि बितरण सम्बन्धी देहायको दररेट नगरपालिकाको आर्थिक ऐनमा समावेश गरि स्वीकृतिका लागि नवौ नगरसभाको बैठक समक्ष पेश गर्ने ।

**(ऐनको दफा १६ सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | इकाई | बिक्री दर रुमा. |
|---|---|---|---|
| १ | ढुङ्गा,स्लेट गिटी,बालुवा,ग्राभेल र रोडा घाट गद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | ३ |
| २ | माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | २ |
| ३ | निजी जग्गामा रहेको ढुङ्गा,स्लेट गिटी,बालुवा,ग्राभेल र रोडा घाट गद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | ५ |
| ४ | निजी जग्गामा रहेको माटो | प्रति घन फिट | २ |
| ५ | यसरी निजी जग्गाको ढुङ्गा,गिटी र माटो लगायत उत्खनन गर्दा प्रचलित कानुन बमोजिम IEE वा EIA समेत गराउनु पर्ने छ। यस सम्बन्धी अन्य प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ । | कार्यविधिको दररेट बमोजिम हुने । | |
| ६ | काठ ,दाउरा ,जराजुरी ,दहत्तर बहत्तर | वन नियमावली २०५१ (वन पैदावार दररेट संशोधन २०७५) बमोजिम न्यूनतम दर कायम गरि लिलाम बिक्री प्रक्रियाबाट बिक्री गरिने छ। | |
| ७ | सामुदायिक वनको कुल आम्दानीमा | १० प्रतिशत | |

(ख) साँधिखोलाको नदिजन्य पदार्थको लेकवेशी र बराहताल गाउँपालिकालाई विगत आर्थिक वर्षको विभाज्य कोष खातामा जम्मा भएको रकमको खर्च र प्रदेश संचित कोषको घटाई उपलब्ध गराउन सो पालिका प्रतिनिधि बोलाई सहमति गरी प्रस्तावित रकम सहित आगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने ।

(ग) नदिजन्य पदार्थको ठेकेदार रोयल बिल्डर्सको १०५०० घन मि. माग सम्बन्धमा उक्त फर्मको प्रोपराईटर प्रतिनिधि र कार्यालय नदिजन्य पदार्थको उत्खनन संकलन तथा बिक्रि वितरण सम्बन्धी कार्यविधि २०७५ को दफा १ (छ) बमोजिमको अनुगमन समितिले साझेदारी गरी न्यूनतम क्षतिपुर्ति आगामी आर्थिक वर्षको असोज १ देखी पदार्थ निकासी गर्न दिने प्रस्ताव अर्को कार्यपालिका बैठकमा पेश गर्ने ।

Scanned with CamScanner